भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार प्रकाशित

२०८१ माघ १ गते देखि २०८१ चैत्र मसान्तसम्मको विवरण समावेश गरिएको

# जानकारीमूलक पुस्तिका

प्रकाशन मिति: २०८२ बैशाख १६ गते


प्रकाशकः

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

फोन नं. ०५६५१०१६७, ०५६५११४६७, ०५६५१५७७१

फ्याक्स नं. ०५६५१५७७१

टोल फ्री नं. १६६०५६५२२२२

वेवसाईटः www.bharatpurmun.gov.np

ईमेलः bmc@ntc.net.np, info@bharatpurmun.gov.np


शाखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को परिच्छेद २ अनुसार जानकारी गराउनुपर्ने विवरण

## १. निकायको स्वरुप र प्रकृति

परिचय

- प्रदेश : बागमती प्रदेश
- जिल्ला: चितवन
- स्थापना मितिः २०३५ साल
- क्षेत्रफलः ४३२.९५ बर्ग कि.मी.
- वडा संख्याः २९
- दीर्घकालिन सोचः "मध्य नेपालको सुन्दर शहर, समृद्ध र सु संस्कृत भरतपुर महानगर"
- परिवार संख्याः ९६५९१ जनसंख्याः ३६९२६८ महिलाः१९०३७१ पुरुषः१७८८९७ साक्षरता प्रतिशतः ८७.२० (जनगणना २०७८ बमोजिम)
- कार्यरत कर्मचारी संख्याः ८३४
- औसत तापक्रमः न्यूनतम १० डिग्री सेल्सीयस. देखि अधिकतम ४२ डिग्री सेल्सीयस सम्म
- विद्यालयः आधारभूत विद्यालय ७९, मा. वि. १३०

प्रमुख प्रशासकीय अधिकृत

२. निकायको काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ. एम. संचालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, सचांलन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

प्रमुख प्रशासकीय अधिकृत

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

भरतपुर महानगरपालिकाको स्वीकृत दरबन्दी जम्मा ४४२ रहेकोमा हाल ८३४ जना कार्यरत रहेका छन् ।

४. निकायबाट प्रदान गरिने सेवा, सम्बन्धित शाखा, जिम्मेवार अधिकारी लाग्ने दस्तुर र अवधि

| क्र.स. | सेवाको किसिम | जिम्मेवार अधिकारी | लाग्ने समय | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी | वडा अध्यक्ष | सोहि दिन | २००० |
| २ | मोही लगत कट्टा | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३ | घर कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४ | छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ५ | बिपन्न बिद्यार्थी छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ६ | अपांङ्गता भएका व्यक्तीको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ७ | अस्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ८ | स्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ९ | नागरिकता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| | नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १० | अंगिकृत नागरिकता सिफारिस | वडा अध्यक्ष | सर्जमिन सहित ३ दिन | १५०० |
| | अंगिकृत नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | | १००० |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| १३ | विद्युत जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० (व्यवसायिक प्रयोजन १०००) |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १४ | धारा जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १५ | जीवित रहेका सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १६ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संशोधन सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १७ | जग्गा मूल्यांकन सिफारिस/प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | जग्गा मूल्यांकनको आधारमा |
| १८ | व्यवसाय बन्द सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २० | ब्यापार व्यवसाय नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २२ | नाबालक परिचय पत्र सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २३ | चौपाया सम्बन्धी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २४ | व्यवसाय दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २६ | विद्यालय ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २७ | आन्तरिक बसाइसराइ सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| २८ | सामुदायिक विद्यालय संचालन, स्वीकृत/कक्षा बृधि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३० | जग्गा दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३४ | जिवितसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३५ | मृतकसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १०० |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३६ | कोठा खोल्न कार्य/रोहवरमा बस्ने कार्य | वडा अध्यक्ष | सोहि दिन | १५०० |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३८ | अन्य कार्यालयका माग अनुसार विवरण खुलाइ पठाउने कार्य | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३९ | संस्था दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४० | घर बाटो प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | २००० |
| ४१ | चार किल्ला प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १६०० |
| ४२ | जन्म मिति प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४३ | बिवाह प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४४ | घर पाताल प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४५ | कागज/मंजुरीनामा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४६ | हक वाला वा हकदार प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४७ | अबिवाहित प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४८ | जग्गा रेखांकन कार्य/सो कार्यमा रोहवर | वडा अध्यक्ष | सोहि दिन | |
| ४९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५० | पुर्जामा घर कायम गर्ने सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५३ | सम्पति कर/ घर जग्गा कर | वडा सचिव | सोहि दिन | मुल्यांकनको आधारमा |
| ५४ | बहाल कर व्यापारिक प्रयोजन | वडा सचिव | सोहि दिन | सम्झौताको आधारमा ७ प्रतिसत |
| ५५ | विज्ञापन कर | वडा सचिव | सोहि दिन | महानगरले तोके बमोजिम |
| ५६ | जन्म दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५७ | मृत्यु दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५८ | बसाइसराइ जाने आउने दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५९ | सम्बन्ध विच्छेद दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६० | बिवाह दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६१ | नयाँ व्यवसाय दर्ता | वडा सचिव | सोहि दिन | ब्यबसायको प्रकृति हेरी |
| ६२ | व्यवसाय नवीकरण | वडा सचिव | सोहि दिन | तोकिए बमोजिम |

**५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

सामान्य निर्णयहरु टिप्पणीको आधारमा महाशाखा प्रमुखबाट, प्रशासकीय निर्णय प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयको हकमा विषयवस्तु हेरी नगर प्रमुख, उप प्रमुख, कार्यपालिका बैठक र नगर सभाबाट गर्ने व्यवस्था रहेको छ ।

**६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

यस महानगरबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद पौडेल समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

**७. २०८२ माघ १ गते देखी चैत्र मसान्तसम्म महाशाखाहरुबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु**

**मुख्य तथा गौरवका आयोजनाहरू**

<u>**गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला**</u>

- भरतपुर महानगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको बाँकी कार्य सम्पन्न गर्ने उद्देश्यले भरतपुर महानगरपालिका, बागमति प्रदेश र संघीय सरकारको संयुक्त आर्थिक लगानीमा निर्माण कार्य तिव्र गतिमा भईरहेको छ। हालसम्म २० प्रतिशत भौतिक प्रगती भएको र हालसम्म २४ करोड १९ लाख खर्च भएको छ।

<u>**महानगरपालिकाको प्रशासकीय भवन**</u>

- संघीय सरकार, प्रदेश सरकार र भरतपुर महानगरपलिकाको साझेदारीमा सुविधा सम्पन्न महानगरपालिकाको प्रशासकीय भवनको सगुन शर्मा सगरमाथा जे.भी. सँग २०७९/०४/१८

प्रमुख प्रशासकीय अधिकृत

मा ५३ करोड ३२ लाख ४१ हजार १ सय ३८ रुपैयाँ मा सम्झौता भएकोमा हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको र हालसम्म ३३ करोड खर्च भई ६१ प्रतिशत वित्तिय प्रगती भएको छ।

पुङ्खिोला सौन्दर्यीकरण

❖ सघन शहरी विकास आयोजना र यस महानगरपालिकाबाट छुट्टा छुट्टै प्याकेजमा खरिद संझौता भई निर्माण अघि बढीरहेको पुङ्खिोला शौन्दर्यीकरण कार्यको लागि महानगरपालिका अन्तर्गत ५५ प्रतिशत भौतिक प्रगती तथा रु ३.८ करोड खर्च भई ५० प्रतिशत वित्तिय प्रगती भएको छ ।

सिटिहल

❖ संघ तथा प्रदेश सरकारको सहयोग र सहकार्यमा सघन शहरी आयोजनाबाट कार्यान्वयनमा रही महानगरपालिका भित्र निर्माणाधीन अन्तराष्ट्रिय स्तरको सिटिहल निर्माण सम्पन्न हुने चरणमा रहेको छ ।

केरुङ्गा नाला सौन्दर्यीकरण

❖ केरुंगा नाला सौन्दर्यीकरण कार्यको लागि महानगरबाट गत आ.व. मा भएको बोलपत्र संझौता बमोजिम निर्माण कार्य सम्पन्न भएको छ ।जस अन्तरगत ५३० मि Footpath र रेलिङ्ग सहितको Drain को कार्य सम्पन्न भएको र संघीय सरकारको लगानीमा यस आ व मा निरन्तर कार्य अगाडी बढिरहेको छ।

फाउण्डेसन सहित मेशजाली

❖ संघीय सरकारको विशेष अनुदानमा जंगली जनावरका कारण हुने मानवीय तथा बालीनालीको क्षतिलाई न्यूनीकरण गर्न वडा नं १६, २६, २७ र २८ मा फाउण्डेसन सहितको मेशजाली लगाउने योजनाको मेश जाली लगाउने कार्य भइरहेकोमा हालसम्म ४५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।यस बर्ष विनियोजित रकम रु ६ करोड मध्ये १ करोड ७७ लाख ९ हजार खर्च भएको र वित्तिय प्रगति २९.५२ % रहेको छ ।

६ लेन सडक

प्रमुख प्रशासकीय अधिकृत

❖ पुल्चोक गोन्द्रयाङ्ग ६ लेन सडक र बाइपास सडकको निर्माण सम्पन्न हुने चरणमा रहेको छ । हाकिम चोक, आँपटारी, बाइपास सडक, प्रचन्ड मार्ग लगायत फराकिला सडकहरुमा हरियाली प्रवर्धन र सौन्दर्यीकरणका लागि आवश्यक कार्य भइरहेको छ ।

**शवदाह गृह**

❖ पवित्र तीर्थस्थल देवघाटधाममा शवको व्यवस्थापनको लागि विद्युतीय शवदाह गृह निर्माणको कार्य अन्तिम चरणमा रहेको छ । निर्माण संपन्न पश्चात संचालनका लागि जनशक्तिलाई प्रशिक्षित गर्ने कार्य समेत भइरहेको छ ।

**महानगरीय चक्रपथ**

❖ महानगरीय चक्रपथको निर्माण गर्न बाँकी रहेको खण्डको निर्माण कार्य सघन शहरी तथा भवन निर्माण आयोजना, प्रदेश सरकार र सडक डिभिजन कार्यालयको सहकार्यमा सुरुवात भएको छ।

**OPEN ZOO**

❖ संघीय सरकारको विशेष अनुदानमा Open Zoo निमार्णका लागि वडा नं १२ को Rhino Park मा निर्माण कार्य गर्ने गरी थालनी गरिएको ।

**COLD STORAGE**

❖ भरतपुर वडा नं ६ मा ३ करोड १६ लाखको लागतमा COLD STORAGE निर्माण कार्य भइरहेको छ।

**फोहोरमैला व्यवस्थापन**

❖ भरतपुरको आँपटारीमा रहेको ल्यान्डफिल साईटको झाडी सफाई सम्पन्न भई रुखहरुमा टाँचा मारी रुख कटानको प्रकृयामा रहेको छ।

**उज्यालो भरतपुर कार्यक्रम**

❖ उज्यालो भरतपुर कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा महानगरका मुख्य सडक तथा बजार क्षेत्रहरुमा दोश्रो प्याकेज अन्तर्गत स्मार्ट सडक बत्ति, हाई मास्ट एवम् मिनी मास्ट बत्ती जडान र विस्तारको कार्य भईरहेको छ ।

प्रमुख प्रशासकीय अधिकृत

## भरतपुर भ्रमण बर्ष सन् २०२४

- “भरतपुर भ्रमण वर्ष २०२४” विविध किसिमका ५२ वटा पर्यटकीय गतिविधि संचालन गरी मिति २०८१ साल पौष १६ गते तदनुसार सन् २०२४ डिसेम्वर १६ का दिन भव्य समारोहका विच सम्माननीय पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड” ज्यूबाट भ्रमण बर्ष उत्सवको रुपमा सम्पन्न गरिएको थियो ।
- भरतपुरको आँपटारीमा रहेको ऐतिहासिक दियालो बङ्गला दरवार २०८१ असार २५ गते देखि सर्वसाधारणको अवलोकनको लागि खुला गरिएकोमा संग्राहलय अवलोकन गर्नेहरुको संख्या वृद्धि भैरहेको छ भने हालसम्म ४५ लाख भन्दा बढी अवलोकन शुल्क आम्दानी भएको छ।

## शैक्षिक प्रशासन महाशाखा तर्फ

- कक्षा ५ सम्मका बालबालिकाहरूको लागि दोस्रो चौमासिक अवधि सम्म ९७ दिनको लागि सघीय अनुदानबाट दैनिक रू १५ र महानगरको आन्तरिक श्रोतबाट दैनिक रू ५ गरी जम्मा दैनिक रू २० का दरले दिवा खाजा बापतको रकम रु २ करोड ७९ लाख ९६ हजार ६९० निकासा गरीएको छ।
- विद्यालय सञ्चालन व्यवस्थापन, पाठ्यपुस्तक, सेनिटरी प्याड लगायतका विभिन्न अनुदान रकम रु २ करोड ४७ लाख ५७ हजार ८८२ नियमित निकासा गरिएको छ।
- शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विभिन्न ३ वटा माध्यमिक विद्यालयहरूमा सूचना प्रविधि र एउटा विद्यालयमा पुस्तकालय व्यवस्थापनको लागि छनौट भइ कार्य सम्पादन भै रहेको। महानगर नमुना विद्यालय विकास कार्यक्रम अन्तरगत ३ वटा विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी कार्य कार्यान्वयन सम्पन्न। विभिन्न ३ वटा आधारभूत विद्यालयहरूमा विज्ञान प्रयोगशालाको व्यवस्थापन गरिएको छ।
- ३४ जना नवप्रवेशी शिक्षकहरूका लागि कार्यस्थलमा आधारित पेशागत विकास कार्यक्रम सञ्चालन गरिएको छ।
- महानगरपालिका भित्रका सामुदायिक विद्यालयहरूको कक्षा १-८ मा अध्ययनरत जम्मा ७९६ लोपोन्मुख र अति सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई रू ३०००।- का दरले तथा ४९७२ दलित विद्यार्थीहरूलाई प्रति विद्यार्थी रू १०००।- का दरले छात्रवृत्ति वितरण गरिएको छ।
- संघीय सरकारबाट वित्तीय हस्तान्तरण भै प्राप्त छात्रवृत्ति अन्तर्गत २,९६४ जना दलित, ५०९ जना लक्षित समूह र ४०७६ छात्राहरूको लागि छात्रवृत्ति रकम निकासा गरीएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

- महानगरपालिका क्षेत्रका विद्यालयहरूमा अध्ययनरत ७०२६ जना विद्यार्थीहरू सहभागी भइ आधारभूत शिक्षा उत्तीर्ण परीक्षा, २०८१ विभिन्न ३० वटा परीक्षा केन्द्रहरू कायम गरी परीक्षा सम्पन्न गरिएको छ ।
- महानगरपालिका क्षेत्र भित्र सञ्चालित सबै ११२ बटा सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको सत्यापन गरी तथ्याङ्क प्रमाणीकरण गरिएको । सत्यापनबाट ३७७३ विद्यार्थी घट्न गई ३६,३८९ कायम भएका । विद्यालयमा जाने सबै निकासाहरूलाई सत्यापन गरी कायम भएका तथ्याङ्कमा आधारित बनाइएको।
- निम्नमाध्यमिक तहमा ३ जना र प्राथमिक तहमा १८ जना स्थायी शिक्षकहरूको पदस्थापन गरिएको। रिक्त पदहरूमा स्थायी शिक्षक नियुक्तिको लागि शिक्षक सेवा आयोग समक्ष विज्ञापनको लागि पठाइएको छ।
- विद्यालयहरूलाई पारदर्शी बनाउदै व्यवस्थापकीय सूचना एकद्वार प्रणालीद्वारा उपलब्ध गराई जवाफदेही बनाउन सूचना अधिकारी तोकी विवरण अध्यावधिक भइरहेको छ।
- विभिन्न ४७ वटा विद्यालयहरूको सहभागितामा मेयर कप क्रिकेट प्रतियोगिता २०८१,विभिन्न ८७ वटा विद्यालयहरूको सहभागितामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१, उपमेयर कप भलिबल प्रतियोगिता २०८१ तथा राष्ट्रिय महिला फुटवल प्रतियोगता २०८१ र महानगरस्तरीय कराँते प्रतियोगिता २०८१ सम्पन्न भएका छन।
- महानगरपालिका भित्रका सबै विद्यालयहरूको शैक्षिक गतिविधिहरूलाई एकरूपताको साथ सञ्चालन गर्न शैक्षिक सत्र २०८२ को लागि शैक्षिक क्यालेण्डर निर्धारण गरीएको छ ।
- कक्षा ३, ४ र ५ का सबै विद्यार्थीहरूको नेपाली र गणित विषयको सिकाइ अवस्था पहिचान गरी सिकाइ सुधारको लागि वैयक्तिक आवश्यकता पहिचान गरी निदानात्मक कक्षा सञ्चालन गरिएको छ।
- भरतपुर बालमन्दिर अटिजम विशेष विद्यालयमा स्पिच थेरापि सेवा प्रारम्भ गरिएको छ ।
- महानगरका सबै सामुदायिक तथा धार्मिक विद्यालयहरूमा कक्षा (१-१०) सम्म अध्ययनरत जम्मा २८,३८१जना विद्यार्थीहरूको लागि पाठ्यपुस्तक खरिदका लागि १ करोड ४० लाख २८ हजार निकासा गरिएको छ।

<u>भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान तर्फ</u>

**प्रमुख प्रशासकीय अधिकृत**

- भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानबाट प्रदान गरिने विभिन्न सम्मान तथा पुरस्कारका प्रतिभाहरुको छनौट गरिएको, भरतपुर प्रज्ञा जर्नल-३ प्रकाशन गरिनुका साथै महानगर वाङ्मय कोष र महानगर साहित्य दर्पण -४ का लागि सामाग्री सङ्कलन तथा सम्पादन कार्य भैरहेको छ ।
- अनुसन्धानमूलक लेख लेखन, चितवनको समाजशास्त्रीय अध्ययन सम्बन्धी अन्तरक्रिया तथा बहुभाषी कवि गोष्ठी सम्पन्न भएको, कथा चौतारी एकदेशमा I Have A story to tell ... नाटक प्रदर्शन गरिएको, वृहद् गजल वाचन कार्यक्रम तथा "प्रतिभा मञ्च २०८१" जस्ता कार्यक्रमहरूमा मा सहकार्य गरिएको, महानगरवासी १७ जना स्रष्टालाई पाण्डुलिपि प्रोत्साहन स्वरुप रु २ लाख ५२ हजार उपलब्ध गराउने कार्यक्रम अन्तिम चरणमा रहेको छ ।

<u>जनस्वास्थ्य प्रवर्द्धन तर्फ</u>

- एच.पी.भी. खोप अभियान अन्तर्गत कक्षा ६ देखि १० कक्षा सम्म अध्ययनरत एवं विद्यालय वाहिरका १० देखि १४ वर्ष उमेर समुहका जम्मा १२८२९ जना किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप प्रदान गरिएको छ।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०७८ अनुसार ८३६ जनालाई मासिक ५००० का दरले औषधि उपचार खर्च बापत रु २ करोड ३२ लाख ९५ हजार उपलव्ध गराइएको छ ।
- विपन्न नागरिक औषधी उपचार सिफारिस अन्तर्गत ३९४ जनालाई निःशुल्क उपचारका लागि अस्पतालहरुमा सिफारिश गरिएको छ ।
- बालबालिकाहरुले पाउने सबै खोप पाए नपाएको एकीन गरी महानगरपालिकालाई पूर्ण खोप सुनिश्चित घोषणाका लागि घरधुरी सर्वेक्षणगरी करिब ३० हजार बालबालिकाहरुको अनुगमन गरिएको छ।
- महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ लगायत प्रजनन स्वास्थ्य समस्याहरुको शीघ्र पहिचान र प्रेषणका लागि १२ स्थानमा शिविर गरी ११७९ जनालाई सेवा प्रदान गरिनुका साथै ५६ जना शंकास्पद क्यान्सर भएकाहरुलाई थप उपचारका लागि प्रेषण गरिएको छ ।
- विद्यालय स्वास्थ्य परीक्षण तथा स्क्रिनिङ कार्यक्रम मार्फत महानगर अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत करीब ३२ हजार विद्यार्थीहरुको स्वास्थ्य परीक्षण सम्पन्न गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

- ६० वर्ष देखि ६८ वर्ष उमेर समुहका व्यक्तिलाई लक्षित गरी महानगरका सबै टोल विकास संस्था मार्फत समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम कार्यान्वयन गर्न स्वास्थ्य कर्मीहरुलाई प्रशिक्षित गराई समुदाय तहमा खटाइएको छ ।
- नवशिशु तथा वाल स्वास्थ्य, प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको रोकथाम, महामारी नियन्त्रण तथा सचेतना प्रवर्द्धनका कार्यहरुमा विशेष जोड दिदैं स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा नियमित रुपमा प्रदान गरिदै आएको छ।

**महिला बालबालिका तथा समाजकल्याण तर्फ**

- महानगर क्षेत्रभित्र स्थायी बसोबास गर्ने गर्भवती महिलाद्धारा सरकारी स्वास्थ्य संस्थामा जन्म भएका कूल १०७९ जना छोरीहरुको बालउमङ्ग जीवन वीमा गरिएको मध्ये चालु वर्षमा २६६ जना नयाँ छोरीहरुको बीमा गरिएको र ५६४ जना छोरीहरुको नवीकरण सम्पन्न भएको छ।
- शहिद तथा वेपत्ता परिवारका सदस्यहरुका लागि मासिक रुपमा प्रदान गरिने जीविकोपार्जन सहयोग तथा आर्थिक सहायता कार्यक्रम मार्फत १८ जना वेपत्ता परिवार र ७६ जना मृतक परिवार गरी कूल ९४ परिवारलाई रु ११ लाख ३४ हजार उपलव्ध गराइएको छ ।
- अपाङ्गता अधिकार संरक्षण तथा प्रवर्धन तर्फ हाल सम्म जम्मा २४७५ जनालाई विभिन्न प्रकारका अपाङ्गता परिचय पत्र वितरणको कार्य सम्पन्न भएको छ भने चालु आ व को दोस्रो चौमासिक अवधि सम्म पूर्ण अशक्त ३४ जना, अतिअशक्त ९३ जना, मध्यम अपाङ्गता २३ जना र सामन्य अपाङ्गता २ जना गरी जम्मा १५२ जनालाइ अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ ।
- मध्यम अपाङ्गता भएका व्यक्तिका लागि जम्मा ७१ जनालाई निःशुल्क स्वास्थ्य बीमा सम्पन्न गरिएको छ।
- बालगृहहरुको सञ्चालन अनुमति, नियमनको कार्य । महानगरका विभिन्न वडाहरुमा रहेका १६ वटा बालगृहहरुमा असाहय तथा अनाथ बालबालिकाको उचित लालनपालन पोषण स्वास्थ्य सामाजिक सुरक्षा र संरक्षण प्रदान हुदै आएको र परिवार पत्ता लागेका बालबालिकालाई परिवारमा पुनर्मिलन गराउने कार्यलाइ निरन्तरता दिदै आएको छ ।
- वडा नं ६ लाई बालमैत्री वडा घोषणा गरिएको छ भने वडा नं २४ घोषणा प्रकृयामा रहेको छ भने त्यसैगरी वडा नं १७ १८ र २० मा बालमैत्री सूचकका आधारमा तथ्याङ्क सङ्कलनको कार्य अन्तिम चरणमा पुगेको छ।

प्रमुख प्रशासकीय अधिकृत

- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत वडा न २२ मा लघु उद्यमशीलताका साथै ३० जना अति विपन्न महिलालाई केराको रेसाबाट सामाग्री बनाउने तालिम सम्पन्न गरिएको छ।

**<u>गैरसरकारी संस्था समन्वय तथा सामुदायिक परिचालन तर्फ</u>**

- गैरसरकारी सामाजिक संघसस्थाहरुलाई कार्यक्रम सञ्चालन पूर्व स्वीकृति लगायत सम्पन्न गतिविधिलाई दोहोरोपना हुन नदिने गरी आवश्यकता अनुसार नगर परियोजना परामर्श समितिको बैठक सञ्चालन हुदै आएकोमा चालु आ.वमा विभिन्न १८ वटा गैरसरकारी संघ सस्थालाई कार्य सञ्चालन अनुमति प्रदान गरिएको छ।
- सामाजिक संघ संस्थाहरुको कम्तीमा ५० प्रतिशत श्रोत साझेदारी कार्यक्रम (स्वरोजगारी प्रवर्धनका लागि उद्यमशीलता प्रवर्धन/सशक्तीकरण/नेतृत्व क्षमता विकास कार्यक्रम) सम्पन्न गरिएको छ।
- सामी कार्यक्रम तर्फ चालु आ.व. मा वडा नं ४ र १५ मा दुइ वटा वित्तीय साक्षरता कक्षा सञ्चालन भएकोमा १८ वटा समूहका ४६९ घरधुरी लाभान्वित भएका छन् भने मनोसामाजिक परामर्श सेवाबाट १२३ जना लाभान्वीत भएका छन ।
- महानगर क्षेत्रमा कार्यरत गैससँग चौमासिक समीक्षा गोष्ठी सम्पन्न गरिएको ।
- गैरसरकारी संघसस्था गठन दर्ता तथा नियमन गर्ने विधेयक पारित भै कार्यान्वयनमा ल्याइएको ।
- महानगर भित्रका सबै ६४४ वटा टोल विकास संस्थाको वडा मार्फत विवरण अद्यावधिक भएको र टोल विकास सस्था मार्फत विविध गतिविधिहरु सञ्चालन भएका छन्।

**<u>सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ</u>**

- चालु आर्थिक वर्षको श्रावण देखि हालसम्म व्यक्तिगत घटना दर्ता मध्ये जन्म २६५३, मृत्यु १२८१, विवाह १६९७, बसाई सरी आउने परिवार १३८२, बसाईसरी जाने ६७३ परिवार र सम्बन्ध विच्छेदका घटना ३०८ रहेको छ ।
- व्यक्तिगत घटना घटेको मितिले समय अन्तरमा दर्ता हुन आउने अवस्था विश्लेषण गर्दा चालु आर्थिक वर्षमा ३५ दिन भित्र ३१५२ वटा, १ वर्ष भित्र १२६८ र सो भन्दा माथि २३३७ गरी कूल जम्मा ६७५७ वटा घटना दर्ता भएका छन्।

प्रमुख प्रशासकीय अधिकृत

- पुराना हस्तलिखित व्यक्तिगत घटना दर्ताका २७२८८३ वटा अभिलेखलाई डिजिटाईज्ड गर्ने कार्यमा हालसम्म ९०८०४ वटा व्यक्तिगत घटनाको डिजिटाईज्ड गर्ने कार्य सम्पन्न भएकोमा यस वर्ष जम्मा ३६१०९ वटा पुराना घटनालाई डिजिटाईज्ड सम्पन्न भएको छ।
- चालु आ.व.को दोश्रो त्रैमासिक सम्म जम्मा २८७४८ जना लाभग्राहीहरुलाई जम्मा रु ५९ करोड ४ लाख १३ हजार ६२२।रकम सम्बन्धित लाभग्राहीको खातामा पठाइएको छ ।
- सबै वडा कार्यालयमा वायोमेट्रिक डिभाइस उपलब्ध गराई सामाजिक सुरक्षा लाभग्राहीको नवीकरण गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको र दोहोरो सेवासुविधा लिएका लाभग्राहीहरुबाट विगो बराबरको रकम असुल गरिएको छ ।

कृषि तर्फ

- भरतपुर महानगरपालिकाबाट किसानको पहिचान गरी तथ्यपरक योजना तथा कार्यक्रमको तर्जुमा गर्न र किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न किसानहरुको आवश्यक विवरण संकलन गरी विद्युतीय प्रणालीमा प्रविस्ट गरी किसान परिचय पत्र उपलब्ध गराउन ८ जना गणक खटाइएको छ । किसान सूचीकरणको थालनी वडा नं. २७ र २८ बाट सूरु गरी आगामी आ.व. मा सबै किसानलाई सूचीकरण गरिने लक्ष्य राखीएको छ।
- स्वस्थ बालि उत्पादनका लागि महानगरपालिकाका विभिन्न ८ स्थानमा आई पि एम कृषक पाठशाला संचालन गरिएको छ। यसबाट २०० जना कृषकहरु विषादी रहित स्वस्थ बाली उत्पादनमा दक्ष भै त्यसको अनुसरण गर्ने छन् ।
- किसानहरुको खेतबारीको माटो परीक्षण गरी माटोमा भएको अम्लीयपनलाई न्यूनीकरण गर्न कृषि चुन वितरण कार्यलाई अगाडि बढाइएको छ। माटो परीक्षणका लागी आवश्यक उपकरण खरिद गरीएको छ ।
- उत्पादन वृद्धि गर्ने र लागत घटाउने उद्देश्यले किसानहरुलाई उन्नत विउमा अनुदान दिने लक्ष्य अनुसार गहुँ खेती गर्ने ४३१र तोरी खेती गर्ने ९२१गरी जम्मा १३५२ जनाकृषकहरुलाई उन्नत विउमा अनुदान उपलब्ध गराईएको छ।
- किसानहरुको खेत बारीमा सिंचाईको सुनिश्चततागर्न वोरिङ तथा कुलो निर्माणमा अनुदान उपलब्ध गराइने लक्ष्य अनुसार यस वर्षको कार्यक्रममा आवेदन गर्ने किसानहरुको फिल्ड भेरीफिकेसनको कार्य भैरहेको छ। यसै महिना भित्र छनौट भएका लाभग्राही सँग साम्झौता गरिने छ।

पशु तर्फ

प्रमुख प्रशासकीय अधिकृत

- आ. व. २०८०/८१ मा प्रति लिटर दुधमा रु. ३ अनुदान कार्यक्रम अन्तर्गत ७८ ओटा संघ/संस्थाहरु छनौट भई करिव २ करोड १३ लाख लिटरमा महानगरको प्रत्यक्ष दुधमा अनुदान रु. ६ करोड ३९ लाख प्रदान गरिएको जसवाट १०,५६० कृषक लाभान्वित भएका छन् । चालु आ. व. २०८१/८२ मा प्रति लिटर दुधमा रु. ४ अनुदान कार्यक्रम अन्तर्गत ७६ ओटा संघ/संस्थाहरु (१०,३९८ कृषक मार्फत) प्रारम्भिक दुधको परिमाण २ करोड ४१ लाख ४६ हजार ४ सय ३१ लि. को आवेदन पेश भई प्रमाणीकरणको कार्य अगाडि बढेको जसवाट विगत आ. व. भन्दा २८ लाख लिटर दुध बढोत्तरी भई रु. ९ करोड ६५ लाख रकम वितरण हुने देखिन्छ ।
- पशुवस्तुको नश्ल सुधार कार्यक्रम अन्तर्गत १८,९६७ पशुमा कृत्रिम गर्भाधान सेवा पुर्याइएको छ ।
- करिव २२ हजार पशुहरुमा संक्रामक रोगहरु विरुद्धको पि.पि.आर., खोरेत, रेबिजका खोपहरु निःशुल्क लगाईएको छ भने २६ हजार पशुपन्छीमा परजीवी नियन्त्रण तथा उपचार सेवा पुर्याईएको छ।
- चालु आ. व.२०८१/८२ मा मागमा आधारित पशु सेवा तथा मत्स्य प्रवर्द्धन कार्यक्रम र महिला उद्यमी तथा वैदेशिक रोजगारवाट फर्केकालाई प्रोत्साहन गर्ने अभिप्रायका साथ ४० जना लाभग्राही संग सम्झौता गरी गोठ मर्मत सुधार, चाफकटर, काउम्याट, पोखरी निर्माण, जैविक सुरक्षा जस्ता कार्यक्रम उपलव्ध गराईएको छ।

**सहकारी तथा रोजगार प्रवर्धन तर्फ**

- २२६ सहकारी संस्थाहरुको COPOMIS मा विवरण अध्यावधि गराउने कार्य भएको छ । सहकारी संस्थामा कार्यरत कर्मचारीहरुलाई COPOMIS तालीम दिने कार्य अगाडि वढाईएको छ ।
- सहकारी संस्थाहरुको कारोवार र लेखालाई व्यवस्थित गर्न सहकारी संस्थाका संचालक, व्यवस्थापक र कर्मचारीहरुलाई आधारभूत सहकारी लेखापालन तालीम ,वित्तीय साक्षरता तालीम, सहकारी शिक्षा जस्ता कार्यक्रम संचालन गरिएको छ।
- दुग्ध सहकारी संस्थाहरुलाई ५० प्रतिशत लागत साझेदारीमा ५ वटा मिल्क एनालाईजर,१०थान दुध राख्ने स्टिलका क्यान,१ वटा चिलिङ भ्याट उपलव्ध गराईएको छ
- महानगर भित्रका वचत हिनामिना गरेको भनि उजुरी परेको सहकारी संस्थाको छानविन भैरहेको छ ।

**संस्कृति पर्यटन तथा सम्पदा संरक्षण तर्फ**

प्रमुख प्रशासकीय अधिकृत

* मिति २०८१ माघ ०३ गते भरतपुर महानगरपालिकामा दीगो पर्यटन विकासका लागि चिनीया अनुसन्धानकर्ताहरूसँग छलफल कार्यक्रम सम्पन्न भएको छ ।
* मिति २०८१ चैत्र १४ गते भरतपुर महानगरपालिकामा जापान योकोसुका नगरका मेयर कामिजी क्याटसुअकीज्यू लगायतका जापानीज टोलीसँगको मैत्रीपूर्ण भेटघाट पश्चात भरतपुर महानगरपालिकाका पर्यटकीय गन्तव्यहरूको अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको छ।

<u>रोजगार सेवा केन्द्र तर्फ</u>

* श्रम तथा पुनः श्रम स्वीकृति आबेदन कार्यलाई निरन्तरता दिदै हाल सम्म १२५३ जना लाभग्राहीहरुको श्रम तथा पुनः श्रम स्वीकृति आबेदन कार्य सम्पन्न गरिएको छ ।
* वैदेशिक रोजगारको क्रममा हाल सम्म अपाङ्ग भएका (१७ जना) र मृत्यु भएका(५३ जना)श्रमिकहरुले पाउनुपर्ने आर्थिक सहयोगका लागि विभाग संग समन्वय गरी आर्थिक सहयोग उपलब्ध गर्ने कार्यलाई निरन्तरता दिएको छ ।
* वैदेशिक रोजगारको क्रममा मृत्यु भएका शव झिकाउने कार्य (७ जना),शव घरसम्म पुर्याउन शव वहान व्यवस्थापन(४६ जना),उद्धार तथा खोज तलास गर्ने कार्य (६ जना)का लागि सहयोग उपलब्ध गर्ने कार्यलाई निरन्तरता दिएको ।
* वैदेशिक रोजगारको क्रममा मृत्यु भएका श्रमिकहरुको सन्ततिले पाउनुपर्ने छात्रवृत्तिका लागि ५७ जनाको आबेदन फारम संकलन गरी FEWIMS System मा Entry गरिएको छ|
* चितवन महोत्सव २०८१ मा छुट्टै परिसरको व्यवस्था गरि रोजगार दाता र बेरोजगार व्यक्तिबीच स्पोर्टमानै रोजगार प्रदान गर्ने उद्देश्यले "रोजगार मेला २०८१" सञ्चालन गरिएको छ ।
* रोजगार सिर्जना कार्यक्रम अन्तर्गत ९ वटा वडाहरुमा (वडा नं. ५,८,९,१२,१८,१९,२२,२४,२९)खानेपानी पाइपलाइन विस्तार, सार्बजनिक स्थल सरसफाई, सडक दायाँबायाँ बोटबिरुवा गोडमेल तथा बृक्षारोपण, सिचाई नहर-कुलो खन्ने तथा सरसफाई जस्ता आयोजना संचालन गरिएको छ|
* सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि सीप तथा क्षमता विकास तालिम संचालनका लागि तालिम प्रदायक संस्था छनोट प्रक्रिया अन्तिम चरणमा पुगेको ।
* लक्षित वर्ग समुदायका लागि तालिम अन्तर्गत २११२ जनाको आबेदन फारम संकलन गरी तालिमको लागि प्रक्रिया अगाडि बढाइएको ।
* आ.ब. २०८२/८३ का लागि बेरोजगार व्यक्तिहरुको फारम सम्पूर्ण वडाबाट संकलन गरी EMIS System मा Entry गर्ने कार्य अगाडि बढाइएको ।

प्रमुख प्रशासकीय अधिकृत

- रोजगार शाखा बाट गरिएका कार्यहरुको जानकारी रोजगार समाचार मार्फत प्रदान गरिएको छ।

**सामान्य प्रशासन / कर्मचारी प्रशासन/जनशक्ति विकास तथा सुशासन तर्फ**

- कर्मचारीहरुको क्षमता विकास तालिम अन्तर्गत अधिकृतस्तर छैठौ तहका ४० जना कर्मचारीहरुलाई १ महिने अवधिको सेवाकालीन तालिम संचालन गरीएको छ ।
- महानगरपालिका अन्तर्गत कार्यरत स्थायी १३ जना कर्मचारीहरुको अवकाश पश्चात बिदाई कार्यक्रम सम्पन्न भएको छ ।
- १६ जना कर्मचारीहरुको तह वृद्धि गरिएको छ ।
- सबै कर्मचारीलाई ई-हाजिरी प्रणालीमा आवद्ध गरी थप व्यवस्थित गरिएको छ।

**कानूनी मामिला / न्यायिक समिति तर्फ**

- न्यायिक समितिमा ११ वटा मुद्धा दर्ता भएका छन् ।विविध ठाडो उजुरी ३० वटा फछ्यौंट भईसकेको छ ।
- ४ वटा ऐन नयाँ निर्माण र ६ ओटा कार्यविधि निर्माण भएका छन्।
- ३१ वटा कानूनी राय प्रदान गरिएको छ।

**आन्तरिक व्यवस्थापन तर्फ**

- २२५ वटा फर्म सूचीकरणको कार्य गरिएको छ।
- हेभी इक्वीपमेन्ट खरिदः वान टन ट्रक र एक्स्काभेटर २ थानको लागि बोलपत्र भई सम्झौताको क्रममा रहेको छ।

**नगर प्रहरी व्यवस्थापन तर्फ**

- नगर प्रहरीले फुटपाथ व्यवस्थापन, नारायणी नदी किनार र बसपार्कहरूमा राजस्व संकलन अम्ब्रेला स्ट्रिट, क्रिकेट रंगशाला, दियालो बंगला संग्रहालयको सुरक्षाको जिम्मेवारी र मापदण्ड विपरितका संरचना हटाउने साथै केरुङ्गा र पुंगी खोला सिमाङ्कन कार्यमा सहयोग गरेको छ।

**शासकीय सुधार इकाइ/ उपभोक्ता हित संरक्षण तर्फ**

- महानगरपालिकासँग सम्बन्धित १४२ ओटा उजुरी तथा गुनासोको सम्वोधन गरिएको छ।
- आ.व. २०८१।०८२ मा विज्ञ सहितको टोलीबाट २१२ वटा पसल, व्यवसायको अनुगमन गरि मापदण्ड विपरित संचालन भएका पसल ब्यवसायलाइ जरिवाना समेत गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

- सुशासन ,असल शासन विषयक कार्यशाला गोष्ठी, सामाजिक परीक्षण, नागरिक सहायता कक्ष, वहिगमन अभिमत व्यवस्थापन कार्यक्रम संचालनको कार्यक्रम संचालनको क्रममा रहेका छन् ।

**योजना तथा बजेट तर्फ**

- २०० वटा योजनाहरु कार्य प्रगतिमा रहेका छन् भने १०० वटा योजनाहरु अनुगमन गरी भूक्तानीको लागि सिफारीस भएका छन् ।

**सूचना तथा सञ्चार प्रविधि तर्फ**

- राजश्व सुधारका लागि डिजिटल र स्मार्ट भरतपुर अन्तर्गत दियालो बंगला दरवार परिसरमा राजश्व संकलनका लागि इ टिकटिङ्ग प्रणाली (E- Ticketing system)लागु गरिएको छ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांङ्कनमा ८९.५% र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांङ्कनमा ८३.५% अंक प्राप्त गरेको नतिजा वेवपेज मार्फत प्रकाशन गरिएको साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको मूल्याङ्कनमा समेत देशैभरका महानगरपालिका मध्ये प्रथम स्थानमा पर्न सफल भएको छ।
- बिद्युतीय न्युज पोर्टल निर्माणका लागि सम्झौता भई निर्माणको अन्तिम चरणमा रहेको छ ।

**सहरी पूर्वाधार विकास तर्फ**

- संघीय समपूरक अन्तर्गत पाण्डेचोक देखी २२ नं. वडा सिमाना सम्म सडक निर्माण गर्न रु ३ करोड ४६ लाखको लागत अनुमान स्वीकृत भई निर्माण अगाडि वढिरहेको हालसम्म ४० प्रतिशत भौतिक प्रगति भएको छ।
- प्रदेश समपुरक- चौराली चोकदेखी बिसहजारी ताल गेट सम्म कालोपत्रे सडक ल.ई. ४ करोड १२ लाखमा निर्माण अगाडि बढिरहेको हालसम्म ४० भौतिक प्रगति भएको छ।
- संघीय शर्शत अनुदानका विभिन्न ६ वटा योजनाहरुको निर्माण कार्य भईरहेकोमा भौतिक प्रगति ३० प्रतिशत रहेको छ ।
- महानगरपालिकाको आन्तरिक स्रोतमा भएका विभिन्न सडक योजनाहरुको निर्माण कार्य अगाडि वढिरहेको जसमा २० प्रतिशत भौतिक प्रगति भएको छ ।
- नियमित मर्मत सम्भारको लागि २ वटा प्याकेज गरी जम्मा १७ सडकखण्डका लागी ७ करोडको लागत अनुमान तयार भएकोमा निर्माण कार्यको ९५ प्रतिशत भौतिक प्रगति भएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

- दियालो वङ्गला सौन्दर्यकरणका लागि फुटपाथ निर्माण कार्यको लागि ९६ लाख लागत अनुमान तयार गरी निर्माण कार्य ३० प्रतिशत भौतिक प्रगति भएको छ ।
- पुलचोक-गोद्राङ ६ लेन सडक खण्डमा Median मा रेलिङ लगाउने कामका लागि २ करोड ९ लाखको ल.ई. तयार भई निर्माण अगाडि बढिरहेको छ।
- सडक वोर्ड अन्तर्गत विभिन्न ४ वटा वडाका ११ वटा सडकखण्डहरुको लागत तयारी गरी निर्माण कार्य तिव्र गतिमा बढिरहेको छ।
- भरतपुर-१५ शिवनगरको पश्चिममा वृद्धवृद्धा पार्क निर्माण कार्य भइरहेको छ ।
- भरतपुर-१४ शिवनगर अस्पतालको स्तरोन्नतीका लागि रु १ करोड २५ लाखको निर्माण कार्य भइरहेको छ ।
- कृषि तथा वन विज्ञान विश्वविद्यालयमा एग्रिमेशिनरी प्रदर्शनी स्थल निर्माण कार्य भइरहेको छ ।

**खरिद इकाई तर्फ**

- २०८१/०४/०१ देखि EGP System मा प्रकाशित बोलपत्र/दरभाउपत्र सूचना संख्या -१२० मध्ये ७० वटा सम्झौता भएको छ भने बाँकी मूल्याँकन तथा सम्झौताको चरणमा रहेका छन्।

**भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) तर्फ**

- नयाँ नक्सा पास (नयाँ र तला थप)-८०७
- निर्माण सम्पन्न संख्या — ८८५ वटा
- नक्सा नामसरी — २७४ वटा
- प्रतिलिपी लगेको — १०५ वटा
- संशोधन (नक्सा) — ३८० वटा
- कित्ता संशोधन — ३८ वटा
- नक्सा दर्ता — ९८० वटा
- भरतपुर महानगरपालिका नक्सापास तथा अभिलेखीकरण कार्यविधि २०८१ पारित गरी कार्यान्वयनमा ल्याइएको छ ।

**विपद व्यवस्थापन तर्फ**

- ४९ जना विपद् प्रभावितहरुलाई १२ लाख ५१ हजार राहत वितरण गरिएको साथै भरतपुर र चनौली सेवा केन्द्रका दमकलबाट ७५ वटा आगलागीका घटना नियन्त्रण गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

- खोज तथा उद्धार सामाग्री खरिदका लागि खरिद प्रक्रियामा गएको, विपद् सञ्चार डायरी २०८२ का लागि विवरण सङ्कलन जारी रहेको छ।

<u>यातायात तर्फ</u>

- महानगरका मुख्य शहरी क्षेत्रमा देखिएको पार्किङ समस्या समाधानका लागि सम्भावित पार्किङ स्थलको खोजी तथा पहिचान गरिएको, कार्यपालिका बैठकबाट "साना तथा निजि सवारी साधन पार्किङ्ग व्यवस्थापन कार्यविधि,२०८१" पारित भएको छ।
- महानगर क्षेत्रमा सञ्चालित चार पाङ्ग्रे ( भाडाका म्याजिक भ्यान र साना सवारी साधन) तथा अटो रिक्साको दर्ता, अभिलेखीकरण, नवीकरण तथा स्टिकर वितरण कार्य शुरु गरिएको छ। हालसम्म ५६ वटा अटो रिक्साको अभिलेखीकरण गरिएको छ।

<u>वातावरण तथा हरियाली प्रवर्द्धन/सरसफाई व्यवस्थापन तर्फ</u>

- भरतपुर महानगरपालिकाका २९ वटै वडाहरुको फोहरमैला व्यवस्थापनको लागि खुल्ला बोलपत्र आह्वान भई २०८१ मंसिर १ गते बाट N.K International Construction Pvt. Ltd सँग ३ वर्षमा कर बाहेक ७ करोड ६१ लाख ९८ हजार महानगरले राजश्व प्राप्त गर्ने गरि सम्झौता भई फोहोर व्यवस्थापन कार्य भईरहेको छ ।
- हरियाली महानगरपालिका अभियान अन्तर्गत सडक दाँया वाँया वृक्षारोपण गर्न टेण्डर प्रकृया अगाडि बढेको छ।
- वृहत मात्रामा वृक्षारोपण कार्य संचालन गर्न वडा नं २४ मा नर्सरी व्यवस्थापनको लागि टेण्डर प्रकृया अगाडि बढेको छ।
- जथाभावी फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्न दण्ड जरीवाना लिने र सरसफाई अभियान संचालन गरिदै आएको छ ।
- खानेपानी उपभोक्ता समिति दर्ता नवीकरण सुचीकृत गर्ने कार्यहरु सम्पन्न भएका छन्।

## ८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

- कार्यालय प्रमुखः लक्ष्मी प्रसाद पौडेल, प्रमुख प्रशासकीय अधिकृत (रा. प. प्रथम, सहसचिव)
- सम्पर्क नं. ९८५२८३५७५४

सूचना अधिकारी: मेनका पण्डित, शाखा अधिकृत

सम्पर्क नं. ९८५५०९२२०१

प्रमुख प्रशासकीय अधिकृत

९. ऐन, नियम, विनियम वा निर्देशनको सूची:

यस त्रैमासिकमा ऐन २ वटा कार्यविधि २ वटा पारित गरिएको ।

१०. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण

आन्तरिक आय:

मिति २०८१।७।१ देखी २०८१।९।३० सम्म विभिन्न शिर्षकमा संकलन भएको राजश्व जम्मा रु ३०,११,८९,६२०।

व्यय विवरण :

२०८१ पौष मसान्त सम्मको खर्च विवरण

| विनियोजित रकम | बार्षिक बजेट (रु हजारमा) | खर्च रकम (रु हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|
| १ चालुतर्फ | २७३५२६२। | १४५२२१२। | ५३.०९ |
| २ पूँजिगततर्फ | २७२४८८०। | ७८३०८९। | २८.७४ |
| जम्मा | ६५६०१४३। | २२३५३०२। | ४०.९३ |

११. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषय:

| क्र स | सूचना माग गर्नेको विवरण | सूचना माग विवरण | दर्ता मिति | दर्ता नं. | कार्वान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| १ | रामचन्द्र मिश्र | महानगरका विविध गतिविधि सम्बन्धी विवरण माग भएको | २०८१।१२।११ | १२१५५ | उपलब्ध गराइएको |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | रामचन्द्र मिश्र | महानगरभित्र संचालित क्रसर उद्योग सम्बन्धी विवरण | २०८१।१२।१४ | १२३९४ | उपलब्ध गराइएको |
| ३ | सुकरानी लामा | नक्सापासको विवरण माग | २०८१।१२।२८ | १३३४२ | उपलब्ध गराइएको |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | रामचन्द्र मिश्र | महानगरभित्र संचालित क्रसर उद्योग सम्बन्धी विवरण | २०८१।१२।१४ | १२३९४ | उपलब्ध गराइएको |
| ३ | सुकरानी लामा | नक्सापासको विवरण माग | २०८१।१२।२८ | १३३४२ | उपलब्ध गराइएको |

प्रमुख प्रशासकीय अधिकृत